सुदूरपश्चिम प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

धनगढी, कैलाली,

वेबसाइटः mopid.p7.gov.np
ईमेलः mopidp7@gmail.com
फोन नं.:०९१-५२३३०३
फ्याक्स:०९१-५२७२७४

मिति :- २०८०/०३/२७

## प्रेस विज्ञप्ति

सुदूरपश्चिम प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको नाम राखी मिति २०८०/०३/२७ गते महेन्द्रनगर पोष्ट र काठमाण्डौं पार्टी लगायतका अनलाइन सञ्चार माध्यममा **धनगढीमा आरजु राणाको घर मर्मत गर्न सुदूरपश्चिम प्रदेश सरकारको १० लाख बजेट** शीर्षकमा प्रकाशित समाचार प्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। नेपाली काँग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा र आरजु राणा देउवाको समेत नाम जोडेर प्रकाशित गरेको समाचार कपोकल्पित, भ्रामक र तथ्यहीन रहेको छ। सुदूरपश्चिम प्रदेश सरकारको आ.व. २०८०।८१ को बजेटमा यस मन्त्रालयको माननीय मन्त्रीज्यूको आवास भवन मर्मत तथा रंगरोगन गर्ने कार्यमा विनियोजन गरिएको बजेट मन्त्रालय परिसरभित्रै रहेको सरकारी निवासको नियमित मर्मत सम्भारको लागि छुट्याईएको हो। हालसम्म पनि माननीय मन्त्रीज्यू आफ्नै निजी निवासमा बसी आउनु भएको र मन्त्रालयबाट निवासका लागी कुनै पनि किसिमको सेवा सुविधा समेत नलिएको व्यहोरा जानकारी गराउँदछौं । मन्त्रालय सञ्चार क्षेत्रको सदैव सम्मान गर्दछ र गरि रहनेछ। साथै कुनै पनि समाचार प्रकाशन तथा प्रशारण गर्दा सत्य तथ्यमा रही प्रकाशन तथा प्रशारण गर्न सञ्चार क्षेत्रलाई आग्रह गर्दछौं।

प्रवक्ता
मोहन बहादुर कुँवर